प्रति शेयर रु.१००/- अंकित दरको
९,९०,००० कित्ता हकप्रद शेयरको निष्कासन

दरखास्तसाथ भुक्तानी गर्नुपर्ने
रु.१००/- प्रति शेयरको दरले

कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड
KANCHAN DEVELOPMENT BANK LIMITED

(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वार्ड नं. ४, कञ्चनपुर, नेपाल, फोन नं ०९९-५२०२६५ फ्याक्स नं. ०९९-५२०२६३
इमेलः info@kanchanbank.com.np वेबसाईटः www.kanchanbank.com.np

हकप्रद शेयरको बिक्री खुल्ला अवधिः
निष्कासन खुल्ला मितिः २०७३/०९/१८ गते
निष्कासन बन्द हुने मितिः २०७३/१०/२३ गते
(बैंकिङ्ग समय पश्चात्)

२ कित्ता शेयर बराबर नयाँ १ कित्ता शेयरको

हकप्रद शेयर निष्कासन सम्बन्धी सूचना

विकास बैंकको विद्यमान रु.१९ करोड ८० लाख चुक्ता पूँजीमा २ शेयर बराबर नयाँ एक (२ : १) शेयरको अनुपातमा रु.१००/- अंकित दरका ९,९०,००० कित्ता हकप्रद शेयर मिति २०७३/०८/२९ गतेसम्म नेपाल स्टक एक्सचेन्ज लि. मा कारोबार भई कायम साविक शेयरधनीहरुको लागि निष्कासन गर्नको लागि प्रकाशित गरिएको ।

हकप्रद शेयर निष्काशन सम्बन्धमा सामान्य जानकारी

नेपाल धितोपत्र बोर्डबाट "हकप्रद शेयर निष्कासन सम्वन्धी व्यवस्था तथा विवरणहरु" स्वीकृत मिति २०७३/०८/०३ गते ।

१. संगठित संस्थाको नाम :

कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड (Kanchan Development Bank Limited)

२. संगठित संस्थाको रजिष्टर्ड कार्यालय :

यस विकास बैंकको रजिष्टर्ड कार्यालय कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वार्ड नं. ४, कञ्चनपुर, नेपालमा रहेको छ ।

३. कारोवार स्थान :

यस विकास बैंकले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुसार "ख" वर्ग (कञ्चनपुर, कैलाली र डडेल्धुरा) को वित्तीय संस्थाको रुपमा वित्तीय कारोवार गर्ने गरी नेपाल राष्ट्र बैंकबाट अनुमति प्राप्त गरेको हो । हाल यस विकास बैंकले कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वार्ड नं. ४, कञ्चनपुर, नेपाल स्थित रजिष्टर्ड (केन्द्रीय) कार्यालय र (१) धनगढी-४, कैलालीपुल, कैलाली, (२) मालाखेति-७, अत्तरिया, कैलाली, (३) झलारी-७, मुख्य बजार, झलारी, कञ्चनपुर, (४) त्रिभुवनबस्ति-१, प्रतिभानगर, पुनरवास, कञ्चनपुर, (५) अमरगढी-५, बागबजार, डडेल्धुरा (६) बेदकोट न.पा. वडा नं. १३ दैजी बजार, कञ्चनपुर, (७) बेलडांडी न.पा.-५ चौवन्नी बजार कञ्चनपुर, (८) बेलौरी न.पा.-६, बेलौरी बजार कञ्चनपुर स्थित शाखा कार्यलयबाट र एउटा एक्सटेन्सन कार्यालय आईबिआरडि कालिका समेतबाट वित्तीय कारोबार गर्दै आई रहेको छ । नेपाल राष्ट्र बैंकको स्वीकृती लिई आवश्यकता अनुसार शाखा उपशाखा वा अन्य कार्यालय खोली जोडिएका जिल्लाहरु कैलाली र डडेल्धुरामा वित्तीय कारोवार विस्तार गर्दै जाने लक्ष्य लिएको छ ।

४. संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :

संक्षिप्त परिचय : यो विकास बैंक सुदुर पश्चिमको समग्र आर्थिक विकासमा टेवा पुर्‍याउन, सर्वसाधारणमा छरिएर रहेको पूँजीलाई एकत्रित गरी सो को सदुपयोगको लागि औद्योगिक प्रतिष्ठानहरु, व्यापारिक वर्ग, स-साना उद्यमी तथा कृषकहरुलाई दीर्घकालिन, मध्यकालीन एवं अल्पकालीन ऋण उपलब्ध गराई देशको आर्थिक विकासमा योगदान पुर्‍याउने उद्देश्यले कम्पनी ऐन, २०६३ बमोजिम मिति २०६६ साल श्रावण ९ गते नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको हो । यस कम्पनीले नेपाल राष्ट्र बैंकबाट बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ बमोजिम वित्तीय कारोवार गर्न मिति २०६६।०६।०१ मा इजाजत पत्र प्राप्त गरी मिति २०६६।०६।०३ गतेदेखि आफ्नो वित्तीय कारोवार संचालन गरिरहेको छ । यस विकास बैंकको संस्थापकहरुमा उद्योग, व्यवसाय, बैंकिङ्ग, शैक्षिक क्षेत्र तथा अन्य विभिन्न क्षेत्रमा लामो समयदेखि संलग्न रहेका व्यक्तिहरु रहेका छन् ।

उद्देश्य : विकास बैंकको प्रवन्ध पत्रको दफा ४ र नियमावलीको नियम ४ मा उल्लेख गरिए बमोजिम नेपाल राष्ट्र बैंक ऐन, २०५८, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३, कम्पनी ऐन, २०६३ र अन्य प्रचलित नेपाल कानूनको अधिनमा रही वित्तीय कारोवार गर्ने यस विकास बैंकको मुख्य उद्देश्य देहाय बमोजिम रहेको छ ।

(क) विकास बैंकको निक्षेपकर्ता तथा शेयरधनीको हक हितको संरक्षण र सम्बर्द्धन गर्दै स्वस्थ्य प्रतिस्पर्धाबाट सर्वसाधारणलाई गुणस्तरीय तथा भरपर्दो वित्तीय सेवा उपलब्ध गराउने,
(ख) कृषि, उद्योग, सेवा, व्यापार तथा अन्य व्यवसायिक रुपले सम्भाव्य देखिएका उत्पादनशील व्यवसायको स्थापना, विकास, विस्तार र क्षमता एवम् उत्पादकत्व बृद्धिका लागि आवश्यक वित्तीय साधन आन्तरिक तथा वाह्य स्रोतबाट जुटाई देशको औद्योगिक, व्यापारिक एवं कृषि क्षेत्रको विकासमा गतिशिलता ल्याउन सहयोग पुर्‍याउने,
(ग) उपलब्ध शीप, श्रम तथा पूँजीलाई उचित परिचालन गरी ग्रामीण तथा शहरी क्षेत्रमा उत्पादन एवम् रोजगारीमूलक व्यवसायको स्थापना, सञ्चालन, विकास, विस्तार एवम् प्रबर्द्धन गर्ने र सो कार्यको लागि आवश्यक वित्तीय साधन प्राविधिक तथा व्यवस्थापकीय परामर्श सेवा, तालिम तथा प्रविधि उपलब्ध गराई गरिबी निवारणका लागि सक्रिय रुपमा संलग्न भई सहयोग पुर्‍याउने,
(घ) वित्तीय सेवामा जोखिम कम गर्दै वित्तीय क्षेत्रको उदारीकरणमा मद्दत पुर्‍याउने तथा देशको अर्थतन्त्रलाई सवल एवं सुदृढ बनाउन सहयोग पुर्‍याउने,
(ङ) मुलुकमा छरिएर रहेको पूँजीलाई एकीकृत गरी संस्थागत लगानी तथा स्वस्थ प्रतिस्पर्धाको माध्यमबाट वित्तीय मध्यस्थताको सेवा उपलब्ध गराउने एवं देशको समग्र वित्तीय प्रणाली प्रति सर्वसाधारणको विश्वासनीयता अभिबृद्धि गर्न सहयोग पुर्‍याउने ।

५. शेयर पूँजीको संरचना :

क) अधिकृत पूँजी: यस विकास बैंकको अधिकृत पूँजी रु.५०,००,००,०००/- (अक्षरेपी पचास करोड मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा ५०,००,००० (पचाँस लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ख) जारी पूँजी: यस विकास बैंकको जारी पूँजी रु.२९,७०,००,०००/- (अक्षरेपी उनान्तीस करोड सत्तरी लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/-का दरले जम्मा २९,७०,००० (उनान्तीस लाख सत्तरी हजार लाख) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ ।

ग) चुक्ता पूँजी: हाल यस विकास बैंकको चुक्ता पूँजी रु.१९,८०,००,०००/- (अक्षरेपी उन्नाईस करोड असी लाख मात्र) रहेको छ । जसलाई प्रति शेयर रु.१००/- का दरले जम्मा १९,८०,००० (उन्नाईस लाख असी हजार) कित्ता साधारण शेयरमा विभाजन गरिएको छ । यस विवरण मार्फत हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात बैंकको चुक्ता पूँजी रु.२९,७०,००,०००/- (अक्षरेपी उन्नातिस करोड सत्तरी लाख मात्र) हुनेछ ।

६. हकप्रद शेयर निष्कासन गरि बाँडफाँट गरे पश्चात् हुने चुक्ता पूँजीको संरचना :

हकप्रद शेयर निष्कासन गरी बाँडफाँट गरे पश्चात हुने विकास बैंकको चुक्ता पूँजीको संरचनाः

शेयरधनीहरु	साधारण शेयर संख्या	चुक्ता रकम (रु.)	पूँजी संरचना	भुक्तानी प्रतिशत
संस्थापक शेयरधनीहरु	१,५१४,७००	१५१,४७०,०००.००	५१%	शतप्रतिशत
सर्वसाधारण शेयरधनीहरु (कर्मचारीहरु समेत)	१,४५५,३००	१४५,५३०,०००.००	४९%	शतप्रतिशत
जम्मा	२९,७०,०००	२९,७०,००,०००.००	१००%	

७. सञ्चालक तथा कार्यकारी प्रमुखको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सञ्चालकहरुको नाम, ठेगाना, शैक्षिक योग्यता तथा अनुभव :

सि.नं.	संचालकहरुको नाम	पद	ठेगाना	शैक्षिक योग्यता	अनुभव
१	श्री शिव सिंह कार्की (संस्थापक समूह - "क")	अध्यक्ष	सित्तड-४, बैतडी	स्नातक	- समान्ता पशिमना इण्डष्ट्रिजमा विगत १० बर्ष देखि प्रोप्राइटर भई दैनिक कार्य संचालनको अनुभव ।
२	श्री खगेश्वर बोहरा (संस्थापक समूह - "क")	संचालक	भीमदत्त न.पा.-२ कञ्चनपुर	साक्षर	- प्रोप्राइटर : शिवशक्ति ढुवानी सेवा प्रा.लि. । - संचालक : होटेल ओपेरा प्रा.लि. । - संचालक : शिव शंकर परिवहन सेवा प्रा.लि. । - प्रोप्राइटर : शिव शक्ति सः मिल तथा फर्निचर गाडा उद्योग ।
३	श्री जयराम सिंह बोहरा (संस्थापक समूह - "क")	संचालक	व्यास-२, दार्चूला	स्नातकोत्तर	- नेपाल राष्ट्र बैंकमा ३० वर्ष सेवा गरी विशिष्ट श्रेणी पदबाट अवकास प्राप्त पूर्व निर्वाचन आयुक्त ।
४	श्री हिक्मत बहादुर शाह (संस्थापक समूह - "क")	संचालक	दोगडी-२, बाजूरा	स्नातक	- मालिका ट्रेड एण्ड सप्लायर्समा विगत ८ वर्षदेखि प्रोप्राइटर भई दैनिक कार्य संचालनको अनुभव । - मालिका इन्जिनियरिङ्ग एण्ड मेकानिकल वर्क्समा २०५१ साल देखि प्रबन्ध संचालक भई दैनिक कार्य संचालनको अनुभव ।
५	श्री भानुभक्त जोशी (संस्थापक समूह - "क")	संचालक	रिम-६, बैतडी	स्नातक	- ३० वर्ष देखि बैंकिङ्ग क्षेत्रको अनुभव ।
६	श्री दान सिंह ठकुराठी (सर्वसाधारण समूह - "ख")	संचालक	भि.न.पालिका-४, कञ्चनपुर	इन्टरमिडियट	- बिगत २१ वर्ष देखि हार्डवेयर ब्यबसायमा संलग्न ।
७	श्री भरत बहादुर रोकाया (सर्वसाधारण समूह - "ख")	संचालक	सुडा, कञ्चनपुर	स्नातक	- बिगत २५ वर्ष देखि खाद्यन्न ब्यबसायमा संलग्न ।

प्रमुख कार्यकारी अधिकृतको नाम, ठेगाना, योग्यता तथा अनुभव सम्बन्धी विवरण:

नाम : बिरुराम जैशि (प्रमुख कार्यकारी अधिकृत/कम्पनी सचिव) | ठेगाना : बलिया-४, कैलाली | योग्यता : स्नातकोत्तर

अनुभव : १५ वर्ष बैंकिङ क्षेत्रमा कार्य गरेको अनुभव । (नेपाल बैंक लिमिटेडमा ६ वर्ष, एन.सि.सि. बैंक लिमिटेडमा ३ वर्ष, भार्गव विकास बैंक लिमिटेड १.५ वर्ष, मनास्लु बिकास बैंकमा ४ वर्ष र कञ्चन डेभलपमेण्ट बैंक लिमिटेड १ वर्ष (हाल))

८. सञ्चालक समितिको बनौट :

विकास बैंकको नियमावलीमा भएको व्यवस्था अनुसार ८ (आठ) जना संचालक सदस्य रहेको संचालक समिति देहाय बमोजिम गठन गरिएको छ :

समूह "क" का संस्थापक शेयरधनीहरुको प्रतिनिधित्व गर्ने निर्वाचित संचालकहरु	४ (चार) जना
समूह "ख" का शेयरधनीहरुको प्रतिनिधित्व गर्ने गरी निर्वाचित संचालकहरु	३ (तीन) जना
नेपाल राष्ट्र बैंकले कायम गरेको व्यवसायिक विशेषज्ञबाट मनोनित संचालक*	१ (एक) जना
जम्मा	८ (आठ) जना

* व्यावसायिक विशेषज्ञबाट मनोनित संचालक हाल रिक्त रहेको

नोटः यस विकास बैंकको नियमावलीको नियम २८ मा व्यवस्था भए अनुसार विकास बैंकको संचालक हुनका लागि कम्तिमा १०० (सय) कित्ता साधारण शेयर लिएको हुनु पर्नेछ । यस्तो शेयर लिने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितोबन्धक दिएको वा राखेको हुनु हुँदैन । तर नेपाल राष्ट्र बैंकले कायम गरेको व्यावसायिक विशेषज्ञ संचालक मनोनयन गरेको अवस्थामा त्यस्तो संचालकले व्यक्तिगत हैसियतले त्यस्तो शेयर लिन आवश्यक हुने छैन । संचालकहरुको कार्यकाल ४ वर्षको हुनेछ ।

९. निष्कासन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :

विकास बैंकको हाल कायम चुक्ता कुल साधारण शेयर संख्या १९,८०,००० कित्ताको २ : १ (अर्थात विद्यमान दुई साधारण शेयर बराबर एक कित्ता नयाँ साधारण शेयरका दरले) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा ९,९०,००० कित्ता हकप्रद साधारण शेयर निष्कासन गरिनेछ ।

१०. लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन गर्नु पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्म शेयर खरिद गरी कायम भएका साविक शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम दरखास्तसाथ पेश गर्नु पर्नेछ । यदी कुनै शेयरधनीले आफ्नो कायम हकको आधारमा हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा खण्डित शेयर (Fraction Share) मा शेयर संख्या पर्न आएमा माथिल्लो पुर्ण शेयर कित्ताको लागि आवेदन दिन सक्नेछ ।

तर यस हकप्रद शेयर निष्काशनमा सम्पूर्ण शेयरहरुको लागि आवेदन पर्न आएमा खण्डित शेयरलाई नजिकको माथिल्लो शेयरमा परिणत गरी बाँडफाँट गर्ने प्रक्रिया र सो बढी शेयरको दर्ता सम्बन्धी निर्णय सम्बन्धित नियमन निकायसंग समन्वय गरी प्रचलित शेयर बाँडफाँट सम्बन्धी व्यवस्था अनुसार गरिनेछ ।

साविक शेयरधनीले आफ्नो कायम हकभन्दा बढी शेयर खरिद गर्नको लागि आवेदन दिएमा सो बढी माग गरेको शेयरलाई बाँडफाँटमा समावेश गरिने छैन । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम शेयर खरिद गर्नको लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

११. साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको बिक्री गर्ने सम्बन्धी व्यवस्था :

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था र अन्य ऐन, नियमका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम संचालक समितिले अत्यन्त पारदर्शी तरिका (जस्तै लिलाम बढाबढ) द्वारा बिक्री गरिने छ ।

१२. हकप्रद शेयर अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :

हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न पाइने छैन । हकप्रद शेयर खरिद गर्दा हकप्रद शेयरको अनुपातभन्दा बढी शेयर खरिद गर्न नपाउने तर आफ्नो कायम हक अनुसार खरिद गर्न पाउने हकप्रद शेयर खण्डिकृत हुन आएमा खण्डिकृत अंकलाई १ अंक गणना गर्ने गरी माथिल्लो पूर्ण अंक (Upper hold) मा परिणत गरि आवेदन दिन पाइने छ तर दशमलवमा आउने गरि शेयर आवेदन दिन पाइने छैन । यसरी माथिल्लो शेयर कित्ताको लागि आवेदन दिने शेयरधनीहरुको हकमा यस हकप्रद शेयर निष्कासनको क्रममा बिक्री नभई बाँकी रहेको शेयरहरुबाट समायोजन गर्ने गरी बाँडफाँट गरिनेछ । यदि यस हकप्रद शेयरको लागि निष्कासन गरिएको सम्पूर्ण शेयरको लागि आवेदन प्राप्त भएमा नेपाल धितोपत्र बोर्डको पूर्व स्वीकृति दिई कम्पनीको संचालक समितिले माथिल्लो शेयर कित्ता माग गरी दरखास्त दिने शेयरधनीहरुलाई हकप्रद बाँडफाँट गरिनेछ । यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछ र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरिए बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

१३. कम्पनीको विगत तथा आगामी तीन वर्षको प्रक्षेपित वित्तीय विवरणका साथै नेटवर्थ :

वासलात *(रु.हजारमा)*

पूँजी तथा दायित्व	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
१. शेयर पूँजी	११०,०००	१३२,०००	१९८,०००	४४९,५००	५००,०००	५००,०००
२. जगेडा तथा कोषहरु	४१,८६५	५७,१२६	८५,०७४	१२९,५५५	२०२,२२०	३४१,५५४
३. ऋणपत्र तथा बण्ड	-	-	-	-	-	-
४. तिर्न बाँकी कर्जा सापट	-	-	-	-	-	-
५. निक्षेप दायित्व	,१४१,६८३	१,४३५,२६२	१,९१४,२४१	२,९३३,४४३	३,८०८,२७५	४,९४४,२९९
६. भुक्तानी दिनु पर्ने बिलहरु	-	-	-	-	-	-
७. प्रस्तावित तथा भुक्तानी दिन बाँकी लाभांश	१,१५८	१,७३७	२,६०५	२,६५६		-
८. आयकर दायित्व	९३८	-	-	-	-	-
९. अन्य दायित्व	२९,०५५	२७,२७०	१८,७०२	२०,५७२	२२,६२९	२४,८९२
कुल दायित्व	१,३२४,६९९	१,६५३,३९४	२,२१८,६२२	३,५३५,७२६	४,५३३,१२४	५,८१०,७४५

सम्पत्ति	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७४/०७६
१. नगद मौज्दात	३६,८९१	२९,२११	४५,८३०	१७३,५४२	३४१,११५	६६४,७८३
२. नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात	२२६	१८,००६	१०,९५२	१६,४२८.६१	१८,०७१	२१,६८५.७७
३. बैंक /वित्तीय संस्थामा रहेको मौज्दात	२२,०००	६८,०००	८०,०००	१३६,०००	१७६,८००	२२९,८४०
४. माग तथा अल्प सूचनामा प्राप्त हुने रकम	३३८,४४२	२९३,८९८	३६२,९५४	४३५,५४४	५४४,४३१	५९८,८७४
५. लगानी	११,१७५	३५,४६५	२०,३७७	२१,७४४	२२,८३६	२३,९८३
६. कर्जा सापट तथा बिल खरिद	८९०,४७२	१,१८३,४९६	१,६०८,२३८	२,६७६,९८५	३,३४८,०८६	४,१८२,७४८
७. स्थिर सम्पत्ति	११,६७५	११,१९८	५३,९२५	५९,३१८	६५,२४९	७१,७७४
८. गैर बैंकिङ्ग सम्पत्ति	-	-	-	-	-	-
९. अन्य सम्पत्ति	१३,८१८	१४,१२१	३६,३४५	१६,१६४	१६,५३६	१७,०५८
कुल सम्पत्ति	१,३२४,६९९	१,६५३,३९४	२,२१८,६२२	३,५३५,७२६	४,५३३,१२४	५,८१०,७४५

नाफा-नोक्सान हिसाब *(रु.हजारमा)*

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
१. व्याज आम्दानी	१२५,१७३	१५८,६१०	२००,१७७	३१४,५७२	४०९,५९६	४८६,८४७
२. व्याज खर्च	६४,४१७	७८,८२४	९१,५३१	१२७,२५२	१६८,५४३	२१८,८१४
खुद ब्याज आम्दानी	६०,७५६	७९,७८६	१०८,६४६	१८७,३२०	२४१,०५३	२६८,०३२
३. कमिशन तथा डिस्काउण्ट	३,३५९	३,०१८	३,८८७	४,६६४	५,१३०	५,६४४
४. अन्य संचालन आम्दानी	९,३६०	११,००८	१२,५१०	२७,००९	२०,२९२	२५,३५०
५. सटही घटबढ आम्दानी	-	-	-	-	-	-
कुल संचालन आम्दानी	७३,४७५	९३,८१२	१२५,०४३	२१८,९९३	२६६,४७५	२९९,०२६
६. कर्मचारी खर्च	१४,७५०	१९,०७९	२४,९९२	३२,४८९	३५,७३८	३९,३१२
७. अन्य संचालन खर्च	१५,८६९	१९,३४३	२१,६१२	३१,७१६	३३,६४९	३५,८५२
८. सटही घटबढ नोक्सान	-	-	-	-	-	-
सम्भावित नोक्सानी ब्यबस्था अधिको संचालन मुनाफा	४२,८५६	५५,३९०	७८,४३९	१५४,७८८	१९७,०८९	२२३,८६२
९. सम्भावित नोक्सानी	१४,४४९	११,३४३	९,८८८	११,६०३	८,४९४	१०,३५३
संचालन मुनाफा/(नोक्सान)	२८,४०७	४४,०४८	६८,५५१	१४३,१८४	१८८,५९४	२१३,५०९
१०. गैर संचालन आम्दानी/(नोक्सान)	१५,७८५	६००	२२,९३०	४,५००	४,९५०	५,४४५
११. सम्भावित नोक्सानी ब्यबस्थाबाट फिर्ता	२,५४२	१६,७०२	५,०००	-	-	-
नियमित कारोवारबाट भएको मुनाफा	४६,७३५	६१,३५०	९६,४८२	१४७,६८४	१९३,५४४	२१८,९५४
१२. असामान्य कारोवारबाट भएको मुनाफा/(खर्च)	-	-	-	-	-	-
अनुदान प्राप्त सम्पत्तिको ह्रास कट्टी रकम आम्दानी	-	-	-	-	-	-
सम्पूर्ण कारोवार समावेश पछिको खुद नाफा	४६,७३५	६१,३५०	९६,४८२	१४७,६८४	१९३,५४४	२१८,९५४
१३. कर्मचारी बोनस व्यवस्था	४,२४९	५,५७७	८,७७१	१३,४२६	१७,५९५	१९,९०५
१४. आयकर ब्यबस्था	१२,७५१	१४,२०१	२४,४९४	४०,२७८	५२,७८५	५९,७१५
यस वर्षको	१२,७४६	१६,७३२	२६,३१३	४०,२७८	५२,७८५	५९,७१५
गत वर्षको	-	-	-	-	-	-
यस वर्षको स्थगन कर (आम्दानी/खर्च)	६	(२,५३१)	(१,८१९)	-	-	-
खुद मुनाफा/(नोक्सान)	२९,७३५	४१,५७१	६३,२१६	९३,९८१	१२३,१६५	१३९,३३४
शेयर संख्या (हजारमा)	१,१००	१,३२०	१,९८०	४,४५०	५,०००	५,०००
प्रति शेयर आम्दानी (रु.)	२७.०३	३१.४९	३१.९३	२१.१२	२४.६३	२७.८७

नेटवर्थ सम्बन्धी विवरण *(रु.हजारमा)*

विवरण	वास्तविक			प्रक्षेपित		
	आ.ब. २०७०/०७१	आ.ब. २०७१/०७२	आ.ब. २०७२/०७३	आ.ब. २०७३/०७४	आ.ब. २०७४/०७५	आ.ब. २०७५/०७६
चुक्ता पूँजी	११०,०००	१३२,०००	१९८,०००	४४९,५००	५००,०००	५००,०००
जगेडा तथा कोषहरु	६३,८६५	९०,१२६	१३४,५७४	१८०,०५५	२०२,२२०	३४१,५५४
कुल	१७३,८६५	२२२,१२६	३३२,५७४	६२९,५५५	७०२,२२०	८४१,५५४
घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets)	(३,३८३)	(२,७३४)	(६,५०७)	(५,८५६)	(५,२७१)	(४,७४४)
कुल नेटवर्थ	१७०,४८२	२१९,३९३	३२६,०६७	६२३,६९९	६९६,९४९	८३६,८११
शेयर संख्या (हजारमा)	१,१००	१,३२०	१,९८०	४,४९५	५,०००	५,०००
प्रति शेयर नेटवर्थ (रु.)	१५४.९८	१६६.२१	१६४.६८	१३८.७५	१३९.३९	१६७.३६
प्रति शेयर चुक्ता पूँजी	१००	१००	१००	१००	१००	१००
नेटवर्थमा औसत प्रतिफल	१७.४४%	१८.९५%	१९.३९%	१५.०७%	१७.६७%	१६.६५%
निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा						२४.८५%

द्रष्टव्यः यस आर्थिक तथा वित्तीय प्रक्षेपण र विश्लेषण विगत वर्षहरुको कारोवारको आधारमा निष्कासनकर्ता विकास बैंक आफैले तयार पारेको हो र उक्त प्रक्षेपित वित्तीय विवरणहरु पुनरावलोकन गरी यथार्थ परक भएको व्यहोरा सहितको राय व्यक्त गर्ने विशेषज्ञमा लेखापरिक्षक वस्याल एण्ड एशोसियट्सका, चार्टर्ड एकाउन्टेन्ट श्री राकेश श्रीस, काठमाण्डौ हुनुहुन्छ ।

१४. विकास बैंकले गर्ने भनिएको काममा निहित सम्भावित जोखिमहरु :

क) नयाँ विकास बैंकहरुको प्रवेशबाट हुने प्रतिस्पर्धाबाट हुनसक्ने जोखिमहरु ।
ख) विकास बैंकले प्रदान गरेको कर्जा तथा सापट खराब कर्जामा परिणत हुन गएमा हुने जोखिमहरु ।
ग) देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।
घ) देशको आर्थिक अवस्थामा आउने उतार-चढावबाट हुनसक्ने जोखिमहरु ।
ङ) नेपाल सरकार तथा नेपाल राष्ट्र बैंकको आर्थिक तथा वित्तीय नीति नियममा हुने जोखिमहरु ।
च) निक्षेप तथा कर्जाको व्याजदरमा आउने परिवर्तनबाट हुनसक्ने जोखिमहरु ।
छ) पूँजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्नसक्ने जोखिमहरु ।
ज) अन्तराष्ट्रिय बजारमा हुने मन्दीबाट नेपाली बजारमा पर्नसक्ने असरबाट हुनसक्ने आर्थिक जोखिमहरु ।
झ) देशको मौद्रिक नीति लगायत नेपाल राष्ट्र बैंकले गर्ने नियम निर्देशनको अप्रत्याशित परिवर्तनबाट श्रृजना हुन सक्ने सम्भावित जोखिमहरु ।

सम्भावित आर्थिक जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनले निम्न उपायहरु अवलम्वन गर्दै जानेछ ।

विकास बैंकको कर्जा तथा लगानी खराव भई हुन सक्ने जोखिमहरुको लागि विकास बैंकले कर्जा तथा लगानीको लागि जोखिम व्होर्ने कोषको व्यवस्था गरेको छ । विकास बैंकले वित्त बजारमा हुने प्रतिस्पर्धाको लागि जनशक्ति विकासमा ध्यान पुर्‍याउनुको साथै अन्य व्यवसायिक जोखिमहरुबाट सिर्जना हुन सक्ने हानी नोक्सानीको लागि व्यवस्थापन चनाखो भई सम्भावित हानी नोक्सानी कम गर्न सक्षम र प्रतिबद्ध रहेको छ । यसको अलावा आफ्नो सेवालाई अझ प्रतिस्पर्धी बनाई उपभोक्तामुखि सेवाहरु प्रदान गरी मध्यकालीन तथा दिर्घकालीन कर्जा सापटीहरु खराब कर्जामा परिणत भई उत्पन्न हुने जोखिम कम गर्नका लागि विकास बैंकले प्रभावकारी कर्जा नीति अवलम्वन गरेको छ । त्यस्तै अन्य विभिन्न जोखिमहरु न्यूनीकरणका लागि प्रभावकारी आन्तरिक नियन्त्रण प्रणाली, समयानुसारको आधुनिक प्रविधि, स्पष्ट नीति तथा नियमहरुको निर्माण एवं समयानुसार आफ्नो सेवा तथा सुविधाहरुमा परिवर्तन गर्दै लगिने विकास बैंकको नीति रहेको छ ।

धितोपत्रको मूल्य परिवर्तन सम्बन्धी जोखिमः रु. १००/- प्रति शेयरका दरले निष्कासन गरिएको शेयर मूल्यले सूचिकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ ।

१५. हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने केहि मुख्य कुराहरु :

(क) हकप्रद शेयर खरिद गर्नका लागि साविक शेयरधनीहरुले आवेदन दिंदा यस हकप्रद निष्कासन प्रयोजनको लागि हकप्रद निष्कासन पुर्व कम्पनीले सार्वजनिक सूचना मार्फत शेयरको दर्ता किताब वन्द गर्ने मितिभन्दा अघिल्लो दिनसम्म शेयर खरिद गरी कायम भएका शेयरधनीहरुले आफ्नो नाममा दर्ता रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर, शेयरधनी परिचय नम्बर तथा आफूले खरिद गर्न चाहेको हकप्रद शेयरको संख्या समेत खोली कम्पनीले तोकेको ढाँचामा आवेदन फाराम भरी दरखास्त दिनु पर्नेछ । साथै कुनै शेयरधनीहरुको शेयर भौतिक तथा अभौतिक रुपमा कायम रहेको भएतापनि सोबाट प्राप्त हुन आउने जम्मा शेयर कित्ताको लागि एउटै आवेदन फारम मार्फत दरखास्त दिन सकिनेछ ।
(ख) दरखास्त फाराम अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।
(ग) हकप्रद शेयर खरिदका लागि आवेदन दिंदा आफूले लिन चाहेको शेयर संख्या वापत प्रति शेयर रु.१००/- का दरले हुने एकमुष्ट रकम तोकिएको संकलन केन्द्र वा निष्कासन बैंकको खातामा जम्मा गरी सोको सक्कल भौचर समेत संलग्न गरी आवेदन दिनु पर्नेछ ।
(घ) संयुक्त नाममा रहेको साविक शेयरधनीहरुले दरखास्त दिंदा संयुक्त रुपमा नै हकप्रद शेयर खरिदका लागि दरखास्त दिनु पर्नेछ ।
(ङ) यस हकप्रद शेयर निष्कासनको लागि तोकिएको समयभित्र हकप्रद शेयर खरिदका लागि दरखास्त पेश नगर्ने तथा दरखास्तसाथ शेयर वापत रकम दाखिला नगर्ने साविक शेयरधनीहरुले पछि हकप्रद शेयरको लागि कुनै दावी गर्न पाउने छैनन् । साथै रकम निष्कासन बैंकमा जम्मा गरी दरखास्त फारम नबुझाउने शेयरधनीहरुले पनि पछि हकप्रद शेयरका लागि कुनै दावी गर्न पाउने छैन् ।
(च) यस हकप्रद शेयर निष्कासन सम्वन्धी कुनै विवाद भएमा वा परेमा यस बैंकको संचालक समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।
(छ) हकप्रद शेयर बाँडफाँट गर्दा जुन समूहको शेयरधनी हो सो शेयरधनीलाई सोही समूहको शेयरको अनुपातमा बाँडफाँट गरिनेछ ।
(ज) निक्षेप सदस्यहरु मार्फत हितग्राहि खाता खोल्नु भएका लगानीकर्ता महानुभावहरुको हकमा हकप्रद शेयरको दरखास्त फारम बुझाउँदा दरखास्त फाराममा स्पष्ट रुपमा आफूले निक्षेप खाता खोलेको निक्षेप सदस्यको सदस्यता नम्बर र हितग्राहि खाता नम्बर उल्लेख गर्नु पर्नेछ । निष्काशित हकप्रद शेयर सिडिएसमा दर्ता भए पश्चात मात्र बाँडफाँटमा परेको शेयर निजहरुको हितग्राही खाता जम्मा गरिने छ ।

१६. यस विकास बैंकको विगत तीन आर्थिक बर्ष तथा पछिल्लो तीन महिनामा नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा भएको शेयर कारोबारको विवरण :

आर्थिक बर्ष	अधिकतम शेयर मूल्य (रू.)	न्युनतम शेयर मूल्य (रू.)	अन्तिम शेयर मूल्य (रु.)	शेयर कारोबार संख्या (हजारमा)
२०७०/७१	२५२	११२	२५२	७६.६०
२०७१/७२	३९८	२४८	३५१	४६.७२
२०७२/७३	५८१	३०२	५७१	१५३.१९

महिना	अधिकतम शेयर मूल्य (रु)	न्युनतम शेयर मूल्य (रु)	अन्तिम शेयर मूल्य (रु)	शेयर कारोबार संख्या (हजारमा)
भदौ	६८१	५८१	६५०	१७.५५
असोज	६७०	६२०	६५०	१३.०६
कार्तिक	६५१	५४०	५५०	१३.४९

नोटः यस विकास बैंकको शेयरको अद्यावधिक बजार मूल्य नेपाल स्टक एकस्चेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मूल्य सूची मार्फत प्राप्त गर्न सकिने छ ।

१७. शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :

(क) शेयर बाँडफाँट गर्दा यस हकप्रद निष्कासन अगावै विकास बैंकले यस हकप्रद निष्कासन प्रयोजनका लागि आफ्नो शेयरधनी दर्तापुस्तिका बन्द गरेको मितिभन्दा अघिल्लो दिनसम्म भएको कारोवारबाट शेयर खरिद गरी शेयरधनी दर्तापुस्तिका बन्द भएको मितिले ७ (सात) कार्य दिनभित्र शेयर नामसारी तथा दाखिल खारेजका लागि शेयर रजिष्ट्रार ग्लोबल आइएमई क्यापीटल लि.मा प्राप्त भई शेयरधनी दर्तापुस्तिकामा कायम शेयरधनीहरुको नाममा कायम रहेको साधारण शेयर संख्याको २ : १ (अर्थात विद्यमान दुई शेयर बराबर नयाँ एक कित्ता शेयरको दरले) बराबरको शेयर आवेदनकर्ता शेयरधनीहरुलाई बाँडफाँट गरिनेछ । तर कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउनेभन्दा बढी शेयरका लागी दरखास्त दिएमा बढी शेयर बाँडफाँट गर्न विकास बैंक बाध्य हुनेछैन भने कुनै शेयरधनीले आफुले हकप्रद आधारमा खरिद गर्न पाउने शेयरका लागि आवेदन नबुझाई वा आफ्नो हक अनुसारको शेयरभन्दा कम शेयरका लागि मात्र आवेदन बुझाई शेयर बाँकी रहेको खण्डमा साविकका संस्थापक शेयरधनीहरुले हकप्रद सेयरको सम्पूर्ण वा आंशिक हक हस्तान्तरण गर्न चाहेमा प्रचलित ऐन, कानुन तथा नेपाल राष्ट्र बैंकको निर्देशनको अधिनमा रही हक हस्तान्तरण गर्न सक्ने छन् वा धितोपत्र निष्कासन निर्देशिका, २०७३ मा भएको व्यवस्था बमोजिम गरिने छ ।
(ख) कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुलाई हकप्रद शेयर खरिद आह्वान गरेको साधारण शेयर बिक्री बन्द भएको मितिले नेपाल धितोपत्र बोर्डको निर्देशिकाले तोके बमोजिमको दिनभित्र शेयरहरुको बाँडफाँट गरी सो को सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशन गरिनेछ । यसरी बाँडफाँट भए पश्चात नेपाल धितोपत्र बोर्डको निर्देशन बमोजिम निर्धारित अवधिभित्र बाँडफाँटमा परेको शेयरधनीहरुलाई हकप्रद साधारण शेयर सम्बन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राही खातामा जम्म गर्ने व्यवस्था मिलाई निष्काशित शेयरहरु नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा सूचीकरण गरिनेछ ।

१८. धितोपत्र सूचीकरण गराउने सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यबस्था तथा बिवरणहरु मार्फत निष्कासन गरिने हकप्रद साधारण शेयरहरु साविक शेयरधनीहरुलाई बाँडफाँट गरे पश्चात नेपाल धितोपत्र बोर्डको प्रचलित धितोपत्र निष्कासन निर्देशिकामा भएको व्यवस्था अनुसार हकप्रद शेयरको वितरण सम्वन्धित शेयरधनीले उपलब्ध गराएको हितग्राहि खातामा धितोपत्र जम्मा गरी नेपाल स्टक एक्सचेञ्ज लिमिटेडमा प्रचलित सूचिकरण सम्बन्धी व्यवस्थामा भएको प्रावधान अनुसार सूचिकरण तथा सिडिएस एण्ड क्लियरिङ्ग लि.मा दर्ता गराई हकप्रद शेयरको खरिद बिक्रीको व्यवस्था मिलाइनेछ ।

१९. आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालना गर्नुपर्ने कुराहरु :

आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरि मनोनयन गर्दा संस्थापक शेयरधनीहरुको हकमा यस बैंकको केन्द्रीय कार्यालय भीमदत्त नगरपालिका, वडा नं. ४, कञ्चनपुर, नेपालबाट र सर्वसाधारण शेयरधनीहरुले यस विकास बैंक वा निष्कासन तथा बिक्री प्रवन्धक श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, जमल, काठमाण्डौमा सम्पर्क राखि आफुले प्राप्त गरेको हकप्रद शेयर खरिद गर्न पाउने सम्पूर्ण वा आंशिक हक अन्य व्यक्ति वा संस्थालाई हस्तान्तरण गर्न सक्ने छ । सो को लागि निम्नानुसारको व्यवस्था पालना गर्नु पर्ने हुन्छ ।
क) कुनै पनि व्यक्तिले आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्ने गरी दिन सक्नेछ ।
ख) हक हस्तान्तरण सम्बन्धी कारोबार गर्दा न्यूनतम १० कित्ता भन्दा कम नहुने गरि मनोनयन गर्नु पर्नेछ ।
ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन पाइने छैन, तर आफ्नो पुरै हक उपयोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सक्नेछ ।
घ) हक हस्तान्तरण गरि शेयर लिन मनोनित हुने शेयरवाला हक हस्तान्तरण हुनु पहिले वा हक हस्तान्तरण पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्याको १५ प्रतिशत भन्दा बढी नहुने गरि मनोनित भएको हुनु पर्नेछ ।
ङ) संस्थापक समूहको शेयर हक हस्तान्तरण गर्दा नेपाल राष्ट्र बैंकबाट जारी भएको एकीकृत निर्देशनको अधिनमा रहि संस्थापक समूहको शेयर संस्थापक समुहको शेयरवालामा र सर्वसाधारण समुहको शेयर सर्वसाधारण शेयरवालाहरुमा रहने गरी मात्र हस्तान्तरण गर्न सक्ने छन् । हक हस्तान्तरण गर्दा कम्पनीको शेयर स्वामित्वको संरचना र संचालक समितिको बनौटमा कुनै परिवर्तन हुनेछैन । प्रत्येक शेयरवालाको एक शेयर बरावर एक मत हुनेछ ।
च) प्रस्तावित संस्थापक शेयरधनी नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन अनुसार संस्थापक शेयरधनीको लागि तोकिएको योग्यता (Fit & Proper Test) पुरा भएको हुनु पर्नेछ ।
छ) प्रस्तावित संस्थापक शेयरधनीले आफ्नो लगानीको स्रोत खुल्ने कागजातका साथै पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र वा कर दाखिला गरेको निस्सा समेत पेश गर्नु पर्नेछ ।
ज) प्रचलित कानून बमोजिम मनोनित हुने व्यक्ति वा संस्था कालो सूचीमा नरहेको तथा अयोग्य नभएको हुनु पर्नेछ ।
झ) हकप्रद शेयर सम्बन्धी हक हस्तान्तरण हकप्रद शेयर बिक्री खुल्ला भएको अवधिभित्र गर्ने गरि मनोनयन भएको हुनु पर्नेछ ।
ञ) शेयरधनीले आफुले पाएको हक अरु कसैलाई मनोनयन गर्दा तोकिएको ढाँचामा कम्पनीमा निवेदन दिनु पर्ने छ । साथै हस्तान्तरण गरी लिइने धितोपत्रको चुक्ता रकमको एक प्रतिशतले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाउनु पर्नेछ ।

२०. हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

क) विकास बैंकलाई सवल र सक्षम रुपमा सञ्चालन गर्न विद्यमान पूँजी वृद्धि गर्न ।
ख) विकास बैंकको प्रबन्धपत्र तथा नियमावलीमा उल्लेख भएका उद्देश्यहरु अनुरुप गर्नु पर्ने कार्यहरुको लागि आवश्यक पूँजी संकलन गर्न ।
ग) विकास बैंकले आफ्नो सेवा विस्तार गर्ने क्रममा लगानी बढाउन तथा वित्तीय एवं आर्थिक गतिविधिहरुलाई विस्तार गर्न आवश्यक पर्ने पूँजीको व्यवस्था गर्न ।
घ) विकास बैंकको निक्षेपकर्ताहरुको हितको संरक्षणलाई सर्वोपरी राख्नको लागि पूँजी संकलन गरी विकास बैंकको स्थितिलाई बढी मजबुत तुल्याइ राख्न ।

२१. हकप्रद शेयर निष्कासनबाट प्राप्त हुने कूल रकम सम्बन्धमा वित्तीय रुपमा स्पष्ट खुलेको उपयोग योजना सहितको विवरण :

हकप्रद शेयर निष्कासनबाट प्राप्त रकम निम्न बमोजिम उपयोग गरिनेछ :

विवरण	रकम (रु.)
१. आविधिक कर्जा	१८,०००,०००
२. हायरपर्चेज कर्जा	१८,०००,०००
३. व्यापारिक कर्जा	२२,५००,०००
४. वैदेशिक रोजगार कर्जा	१०,५००,०००
५. सरकारी वचत पत्र	३,०,०००,०००
जम्मा	९९,०००,०००

२२. निष्कासन बैंक (Banker to the Issue) सम्बन्धी व्यवस्था :

यस हकप्रद शेयर निष्कासनको लागि देहाय बमोजिमका बैंकलाई निष्कासन बैंकको रुपमा नियुक्त गरिएको छ :

सि.नं.	निष्कासन बैंकको नाम, ठेगाना	खाता नं.
१.	श्री माछापुच्छ्रे बैंक लिमिटेड, बवरमहल, काठमाण्डौ ।	०१०१५२४३६२७२००५२
२.	श्री सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेड, कमलादी, काठमाण्डौ ।	००१००००४४१ CC
३.	श्री ग्लोबल आइएमई बैंक लिमिटेड, कमलादी, काठमाण्डौ ।	०१११०१००११०२५

२३. हकप्रद शेयर बिक्री खुल्ला अवधि :

यस हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु मार्फत निष्कासन गरिने हकप्रद शेयरको लागि दरखास्त दिने समयावधि हकप्रद शेयर निष्कासन तथा विक्री खुल्ला भएको मितिले कम्तिमा ३५ दिन हुनेछ । ३५ दिनभित्र सम्पूर्ण हकप्रद शेयर विक्री नभएमा हकप्रद शेयर विक्री खुल्ला अवधि धितोपत्र निष्कासन निर्देशिका, २०६५ मा भएको व्यवस्था बमोजिम हुनेछ ।

२४. हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरिदका लागि तयार गरिएका "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :

क्र.सं.	स्थानहरु
१.	श्री ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौ ।
२.	श्री कञ्चन डेभलपमेण्ट बैंक लि. केन्द्रीय कार्यालय भिमदत्त नगरपालिका-४, कञ्चनपुर तथा अन्य शाखा कार्यालयहरु क्रमशः (१) धनगढी-४, कैलालीपुल, कैलाली (२) मालाखेति-७, अत्तरिया, कैलाली (३) झलारी-७, मुख्य बजार, झलारी, कञ्चनपुर (४) त्रिभुवनबस्ति-१, प्रतिभागर, पुनरवास, कञ्चनपुर (५) अमरगढी-५, बागबजार, डडेल्धुरा (६) बेदकोट न.पा. वडा नं. १३ दैजी बजार, कञ्चनपुर (७) बेलडांडी न.पा.-५ चौवन्नी बजार कञ्चनपुर (८) बेलौरी न.पा.-६, बेलौरी बजार कञ्चनपुर
३.	श्री ग्लोबल आइएमई बैंक लिमिटेडको शाखा कार्यालयहरु क्रमशः (१) आर्दशनगर-१३, वीरगंज पर्षा (२) फुलबारी बजार, इटहरी (३) भानुचोक, जनकपुर (४) सहिद चोक, नारायणघाट, चितवन (५) पृथ्वीचोक, पोखरा, कास्की (६) त्रिभुवनचोक, नेपालगंज (७) वि.पि. चोक, बुटवल ।

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनुभन्दा अधिको मितिमा ग्लोबल आइएमई क्यापीटल लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट तथा हकप्रद शेयर खरिदका लागि दरखास्त फाराम सिधै हुलाक वा कुरियरद्वारा ग्लोबल आइएमई क्यापीटल लिमिटेड, राष्ट्रिय नाचघर, जमल, काठमाण्डौमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिनपछि प्राप्त ड्राफ्ट र आवेदन फारामलाई शेयर बाँडफाँटमा समावेश गरिने छैन ।

२५. सञ्चालक तथा आधारभुत शेयरधनीले हकप्रद शेयर वापतको रकम जम्मा गरेको सम्बन्धमा :

यस बैंकको सञ्चालक तथा आधारभुत शेयरधनीहरुले रु. १,६९,९९,८००/- रकम भुक्तानी गरिएको व्यहोरा अवगत गराउंदछौं ।



दरखास्त फारामको नमूना

कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड
KANCHAN DEVELOPMENT BANK LIMITED
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको इजाजत प्राप्त संस्था)
कञ्चनपुर जिल्ला, भीमदत्त नगरपालिका, वार्ड नं. ४, कञ्चनपुर, नेपाल, फोन नं ०९९-५२०२६५ फ्याक्स नं. ०९९-५२०२६३
इमेलः info@kanchanbank.com.np वेबसाईटः www.kanchanbank.com.np
को

मितिः २०७३ / /

हकप्रद साधारण शेयर खरिद दरखास्त फाराम

सि.नं.

मार्फतः Global IME Capital Limited
E-mail: info@gicl.com.np Website: www.globalimecapital.com

कोड नं.

शेयरधनी नं./परिचय नं.

हितग्राही खाता नं. DP ID Client ID

श्री संचालक समिति,
कञ्चन डेभलपमेन्ट बैंक लिमिटेड
कञ्चनपुर, नेपाल ।

महाशय,

त्यस डेभलपमेन्ट बैंकबाट प्रकाशित "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" अनुसार मिति २०७३/०८/२९ गतेका दिनसम्म मेरो/हाम्रो नाममा त्यस डेभलपमेन्ट बैंकको जम्मा .... कित्ता शेयर कायम रहेको र सो शेयरको शत्प्रतिशत रकम चुक्ता भुक्तान भैसकेको हुँदा कम्पनीले जारी गरेको दुई शेयर बराबर एक शेयर (२ : १) को अनुपातमा .... कित्ता शेयर खरिद गर्ने हक मेरो/हाम्रो रहेकोमा .... कित्ता तथा हक हस्तान्तरण भै आएको .... कित्ता गरि जम्मा................कित्ता हकप्रद शेयर खरिद गर्न इच्छा भएकोले यो निवेदन पेश गरेको छु/छौं । त्यस डेभलपमेन्ट बैंकको नियमानुसार गर्न मेरो/हाम्रो मञ्जुरी भएकोले उल्लेखित शेयर पाउन अनुरोध गर्दछु/गर्दछौं ।

मिति २०७३/००/०० गते सम्ममा कायम साविकको शेयर संख्या		लिन चाहेको शेयर संख्या	
भौतिक रुपमा कायम रहेको		कायम हक बमोजिम लिन चाहेको शेयर संख्या	
अभौतिक रुपमा कायम रहेको		हक हस्तान्तरणबाट लिन चाहेको शेयर संख्या	
जम्मा शेयर संख्या (अंकमा)		जम्मा शेयर संख्या (अंकमा)	
अक्षरमा		अक्षरमा	

हक हस्तान्तरण गरिदिनेको शेयरधनीको हितग्राही नं.
हक हस्तान्तरण गरिदिनेको शेयरधनी नं.
प्यान नं. | प्रति शेयर रु.१००/- को दरले बुझाएको रकम जम्मा रु.
अक्षरेपी रुपैयाँ
चेक खिचिएको बैंक वा वित्तीय संस्थाको नाम र ठेगाना | चेक नं.
रकम बुझाएको संकलन केन्द्रको नाम र ठेगाना | भौचर/ड्राफ्ट नं.
निवेदकको पूरा नाम | नेपालीमा | श्री/श्रीमती/सुश्री/नाबालक
In English | Mr./Mrs./Miss/Minor | USE CAPITAL LETTER
स्थायी ठेगाना | वडा/घर नं./टोल | गा.वि.स./न.पा.
Address | Ward/House No./Tole | VDC/Municipality
जिल्ला | P.o Box No:/District | नागरिकता प्र.नं./जारी भएको जिल्ला
District | Mobile/phone No.
बाबुको नाम
Father's Name
बाजेको नाम
Grandfather's Name
पति/पत्नीको नाम
Husband/Wife's Name
संरक्षकको नाम (नाबालकको हकमा)
Guardian's Name (Incase of minor)

मैले/हामीले यस हकप्रद शेयरको लागि गरेको लगानीको स्रोत बैधानिक हो । नियमन निकायबाट माग भई आएको खण्डमा प्रचलित कानून बमोजिम लगानीको श्रोत उपलब्ध गराउन मञ्जुर गर्दछु/गर्दछौं ।

नोटः १. साविक शेयरधनीले आफ्नो शेयरधनी नं./हितग्राही नं. अनिवार्य रुपले उल्लेख गर्नु पर्नेछ ।
२. DEMAT भएमा शेयरधनीले अनिवार्य रुपमा DPID/Client Id दुबै उल्लेख गर्नुपर्नेछ ।
३. चेक भुक्तान नभएमा दरखास्त फारम स्वतः रद्द हुनेछ र सो को जिम्मेवार निवेदक आफै हुनेछ ।

यस दरखास्त फाराममा भरेको विवरणहरु पूर्ण रुपमा ठिक साँचो हो, यसमा कुनै फरक भएमा म निवेदक स्वयं जिम्मेवार हुनेछु ।

निवेदकको दस्तखत
(Applicant's Signature)

यो रसिद हराई अर्काले भुक्तानी लिई गएमा सो को जिम्मेवार निवेदक स्वयं हुनेछ ।

मार्फतः Global IME Capital Limited
E-mail: info@gicl.com.np Website: www.globalimecapital.com

रसिद
दरखास्तवालाले भर्नुपर्ने

सि.नं.

शेयरधनी नं./परिचय नं.

Applicant's Name					
Company's Name	KANCHAN DEVELOPMENT BANK LIMITED				
No. Of shares Applied		Call Money per Share	Rs.100	Amount Deposited	
Amount in Words					

For Official Use Only: Code No.
Received by:
Date: Stamp
DP ID
Client ID

निवेदकको दस्तखत
(Applicant's Signature)

धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धकः

Global IME Capital Limited
GROW WITH US

पोष्ट बक्स नं. २१५९९,
राष्ट्रिय नाचघर, तेश्रो तल्ला, जमल, काठमाडौं
फोन नं. ९७७-१-४२२२४६०, फ्याक्सः ९७७-१-४२२२५३४
E-mail: info@gicl.com.np, Website: www.globalimecapital.com

मिति २०७३/८/३० गतेको अन्नपूर्ण पोष्ट दैनिकमा प्रकाशित गर्ने